का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० मंसिर २०८१, बिहीबार
5 December, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न


वर्ष २२, अंक २८६ । पृष्ठ १२
Madhyanha National Daily
www.madhyanhadaily.com

# बीआरआई फ्रेमवर्कमा ‘मध्यमार्गी’ सम्झौता



'यो हस्ताक्षरले सन् २०१७ मा भएको सम्झौतालाई नेपालले ढिलै भए पनि अगाडि बढाउँछ भन्ने र चीनले नेपाललाई प्राविधिक, आर्थिक र वित्तीय सम्भावना बोकेका र प्रतिफल दिन सक्ने परियोजना लिएर आउन सन्देश दिएको छ'

**अरूण सुवेदी**
परराष्ट्र मामिला जानकार



**निमिष झा/मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

अन्ततः लामो रस्साकसीपछि नेपाल र चीनबीच बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) सहकार्य फ्रेमवर्कमा हस्ताक्षर भएको छ ।

बीआरआई सहकार्य फ्रेमवर्क अनुदानमा हुनुपर्ने बताइरहेको नेपाल र ऋण नै हुनुपर्ने भन्दै आइरहेको चीनबीच बेइजिङमा २ दिन लामो रस्साकस्सीपछि ‘फ्रेमवर्क अफ बीआरआई कोअपरेसन’मा हस्ताक्षर भएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा बेइजिङमा बुधबार नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका कायममुकायम सचिव अमृतबहदुर राई र चीनका तर्फबाट चीनका नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष लिउ सुसेले हस्ताक्षर गरेका छन् ।

हस्ताक्षर भएसँगै अब नेपालले चीनले अघि बढाएको र सन् २०१७ मा हस्ताक्षर गरेको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई)लाई पृष्ठ २ मा

## यसरी भयो हस्ताक्षर

‘सहायता’ शब्द राखेर फ्रेमवर्कलाई दुवै देशले हस्ताक्षर गरेपछि फ्रेमवर्कभित्र परेका परियोजनाहरू ऋण वा अनुदान सहायतामा बन्ने हुन् भन्नेबारे केही खुलेको छैन ।

फ्रेमवर्कभित्र परेका परियोजनाहरूमा टोखा-छहरे सुरुङ, हिल्सा-सिमकोट सडक योजना, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं रेलमार्ग, अमरगढी सिटी हल प्रोजेक्ट, जिलुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारण लाइन, मदन भण्डारी प्राविधिक विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर र साइन्स म्युजियम, नेपाल-चीन औद्योगिक पार्क दमक र झापा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्पलेक्स छन् । पृष्ठ २ मा

## फ्रेमवर्कभित्र परेका परियोजनाहरू

- टोखा-छहरे टनेल
- हिल्सा-सिमकोट सडक योजना
- किमाथांका-खाँदबारी सडक र पुल
- जिलोङ-केरुङ-काठमाडौं रेलमार्ग
- अमरगढी सिटी हल प्रोजेक्ट
- जिलुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारण लाइन
- मदन भण्डारी प्राविधिक विश्वविद्यालय
- काठमाडौं साइन्टिफिक सेन्टर र साइन्स म्युजियम
- चीन-नेपाल औद्योगिक पार्क, दमक
- झापा स्पोर्ट्स एन्ड एथ्लेटिक्स कम्प्लेक्स

मानवअधिकारको सम्मान गरौं
- मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, मर्यादा र समानतासँग सम्बन्धित छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तराष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानवअधिकार उल्लंघन नगरौं, सबैको मानवअधिकारको सम्मान गरौं,

*मानवअधिकारको उल्लंघन भए गरेको पाइएमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रधानसेनापति सिग्देल भारत जाने



काठमाडौं/मस- प्रधानसेनापति अशोकराज सिग्देल मंसिर अन्तिम साता भारत भ्रमणमा जाँदै छन् ।

भारतीय स्थल सेनाध्यक्ष उपेन्द्र द्विवेदीको निमन्त्रणामा प्रधानसेनापति सिग्देलले २६ देखि २९ मंसिरसम्म दक्षिणी छिमेकी भारतको भ्रमण गर्ने तय भएको सैनिक मुख्यालयले जनाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओली चीन जानुअघि बसेको मन्त्रिपरिषद् बैठकले उनको भ्रमण स्वीकृत गरेको थियो । प्रधानसेनापति नियुक्त भएपछि सिग्देलको यो पहिलो विदेश भ्रमण हुने छ ।

भ्रमणका क्रममा उनले भारतीय सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न ग्रहण गर्ने छन् । उनलाई भारतीय राष्ट्रपति द्रौपदी मुर्मुले मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने कार्यक्रम छ ।

नेपालले भारतको र भारतले नेपालको सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी दिने परम्परा छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले ६ मंसिरमा भारतीय स्थल सेनाध्यक्ष द्विवेदीलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

भारत भ्रमणका क्रममा प्रधानसेनापति सिग्देलले भारतीय राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, रक्षामन्त्री राजनाथ सिंहलगायतसँग शिष्टाचार भेट गर्ने कार्यक्रम पनि पृष्ठ २ मा

# इसीडी प्रणालीमा सरकार नै असन्तुष्ट



प्रारम्भिक बालविकास निजी विद्यालय, सस्थागत विद्यालयले जसरी प्रयोग गरिरहेका छन्, त्यसमा बालबालिकाको मनस्थिति विकास गर्ने भन्दा पनि पढ्न बाध्य बनाउने र अभिभावकलाई बोझ थप्नेगरी जसरी भइरहेको छ । यो कुरालाई पुनरावलोकन गर्नुपर्छ ।

**विद्या भट्टराई**
**शिक्षाविज्ञान तथा प्रविधिमन्त्री**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ मंसिर ।

सरकारले प्रारम्भिक बालविकास शिक्षा प्रणाली (इसीडी) मा परिमार्जन गर्ने भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार प्रारम्भिक बालविकास शिक्षा प्रणालीमा परिमार्जन गर्ने गृहकार्य अगाडि बढेको छ । शिक्षामन्त्री विद्या भट्टराई प्रारम्भिक बालविकास बालकालिकाको मनोवैज्ञानिक विकासभन्दा पढाउने र अभिभावकमाथि आर्थिक भार थप्नेजस्तो भएकाले सरकारले प्रणाली नै पुनरावलोकन गर्न लागेको बताउँछिन् ।

बुधबार प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा विद्यालय शिक्षा विधेयकमाथि छलफल थियो । छलफलमा सांसदहरूले शिक्षाको गुणस्तरबारे प्रश्न गरेका थिए । शिक्षा महँगो भएको पनि उनीहरूको गुनासो थियो ।

जकाफमा मन्त्री भट्टराईले सुधारका लागि सरकारले काम गरिरहेको बताएकी हुन् । यसअन्तर्गत प्रारम्भिक बालविकास शिक्षा प्रणालीमा परिमार्जन गर्न लागेको जानकारी दिइन् । उनका अनुसार सरकारले ५ वर्षमुनिका विद्यार्थीलाई आधारभूत शिक्षा प्रदान गर्ने नीतिलाई निरन्तरता दिने छ । तर, बालबालिकालाई वैकल्पिक तथा अनौपचारिक शिक्षा प्राप्त हुने सुनिश्चित गर्ने नीति लिइँदै छ । यसो गर्दा बालबालिकाको मनोवैज्ञानिक विकासलाई जोड दिन सकिने उनको विश्वास छ ।

प्रारम्भिक बालविकास केन्द्रको प्रभावकारी व्यवस्थापन हुन नसकेको भनेर प्रश्न उठिरहेकोप्रति सचेत रहेको सरकारका प्रतिनिधिहरू नै बताउँछन् ।

मन्त्री भट्टराई भन्छिन्, ‘प्रारम्भिक बालविकास निजी विद्यालय, सस्थागत विद्यालयले जसरी प्रयोग गरिरहेका छन्, त्यसमा बालबालिकाको मनस्थिति विकास गर्ने भन्दा पनि पढ्न बाध्य बनाउने र अभिभावकलाई बोझ थप्नेगरी जसरी भइराखेको छ । यो कुरालाई पुनरावलोकन गर्नुपर्छ ।’

तर, सरोकारवालाहरू सरकारमाथि नै प्रश्न उठाउँछन् । सरकारी बेवास्ताले अभिभावकको विश्वास समुदायमा संचालित इसीडीले जित्न नसकेको उनीहरूको आरोप छ । सरकारी इसीडीमा दक्ष र स्तरीय सहजकर्ताको व्यवस्था नभएकाले निजीमा अभिभावक पुग्ने र निजीले आफूअनुकूल गरिरहेका उनीहरू बताउँछन् । निजी विद्यालयको मन्टेश्वरीमा उमेरअनुसार कक्षा १ मा पृष्ठ २ मा

NPL NEPAL PREMIER LEAGUE
आजको खेल
पोखरा एभेन्जर्स VS जनकपुर बोल्ट्स
बिहान ९: १५ बजे
काठमाडौं गुर्खाज VS सुदूरपश्चिम रोयल्स
दिउँसो १: १५ बजे

# दक्षिण कोरियामा ‘कू’असफल



**काठमाडौं/एजेन्सी–** पूरै देश र विश्वलाई चकित पार्दै दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले मंगलबार राति घोषणा गरेको संकटकालीन ‘मार्शल ल’ केही घण्टामै फिर्ता गरे । उनको अप्रत्याशित र अलोकप्रिय कदमपछि विपक्षी दलले राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने तयारी गरेको छ ।

राति अबेर टेलिभिजन सम्बोधन गर्दै राष्ट्रपति युनले देशलाई उत्तर कोरियाका कम्युनिस्ट शक्ति र राज्यविरोधी तत्वहरूबाट उत्पन्न खतराबाट जोगाउन संकटकालीन कानुन लागू गर्न लागिएको बताएका थिए । तर, उनको कदम बाह्य चुनौतीका कारण भन्दा पनि आन्तरिक राजनीतिक समस्याका कारण हतारोमा चालिएको विपक्षीहरूले बताएका छन् ।

उनको कदमको विरोध गर्न हजारौं मानिसहरू संसद्मा भेला भएका थिए । सांसदहरू राष्ट्रपतिको घोषणालाई निष्क्रिय बनाउन आपत्कालीन मतदानका लागि संसद्मा उपस्थित भएका थिए । संसद्मा भएको मतदानले राष्ट्रपतिको घोषणा खारेज गरिदियो भने उनले संसद्को निर्णय स्वीकार गर्दै ‘मार्शल ल’ फिर्ता लिए ।

दक्षिण कोरियामा यसअघि सैन्य शासकको हत्या भएका समयमा सैन्य कानुन लागू गरिएको थियो । सन् १९८७ मा संसदीय प्रजातान्त्रिक व्यवस्था कायम भएपछि यस्तो कानुन कहिल्यै लागू गरिएको थिएन

संसद्मा भएको मतदानमा सहभागी सबै १९० जना सासंद राष्ट्रपतिको कदमको विपक्षमा उभिए । संसद्को कुल सदस्य संख्या ३०० छ । त्यसपछि राष्ट्रपति युनको घोषणा अमान्य ठहर भयो ।

यसैबीच संसद्ले शनिबार राष्ट्रपतिविरुद्ध महाभियोग अघि बढाउने कि नबढाउने भनेर मतदान गर्ने छ ।

दक्षिण कोरियामा राष्ट्रपतिविरुद्ध महाभियोग लगाइएको इतिहास पनि छ । सन् २०१६ मा आफ्ना एक पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कोरियामा नेपाली कामदार अन्योलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर ।

दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलले अप्रत्याशित रूपमा मार्शल ल अर्थात् सैनिक शासन घोषणा गरेपछि उक्त मुलुकमा विदेशी लगानी र आप्रवासी कामदारको सुरक्षामा गंभीर प्रश्न उठाइएको छ ।

दक्षिण कोरियामा नेपालबाट ईपीएस प्रणालीमार्फत ७० हजार नेपाली कामदार कार्यरत छन् । अवैधानिक अवस्थामा काम गरिरहेका नेपालीको संख्या पनि ठूलो छ । नेपालले प्राप्त गर्ने रेमिट्यान्स रकममा उक्त मुलुकबाट आउने रकम ठूलो छ ।

मंगलबार मार्शल ल घोषणा गरेपछि वैधानिक तथा अवैधानिक दुवै अवस्थाका नेपाली आतंकित बनेका छन् । मार्शल ल घोषणा गरेको करिब ६ घण्टापछि हटाइएको छ तर कतिपय नेपाली अब के होला भनेर निदाउनसमेत नसकेको बीबीसी नेपाली सेवाले उल्लेख गरेको छ ।

राष्ट्रपति युन सुक येओल आप्रवासी कामदारप्रति अनुदार मानिन्छन् । मार्शल लका कारणले नेपाली मात्र नभएर कोरियामा व्यापार गर्ने विदेशी कम्पनीहरू हैरान थिए । उत्तर कोरिबाट ड्रोन आक्रमण हुने भन्दै मार्शल ल घोषणा गरिए पनि अधिकाश विदेशी कम्पनी लगानीका लागि दक्षिण कोरिया असुरक्षित भयो ? भनी प्रश्न उठाएका छन् ।

उनीहरूले अब दक्षिण कोरियामम अस्थिरता बढ्ने आँकलन गरेका छन् । आफ्ना कर्मचारीहरूलाई घरबाट काम गर्न सल्लाह दिएका अधिकांश विदेशी लगानीकर्ताहरूले आफ्ना नागरिकहरूलाई ठूलो जमघट नगर्न आग्रह गरे । माइक्रोसफ्ट कोरियाले मंगलबार र बुधबार अनलाइन हुने पृष्ठ २ मा

## नेपाल वैदेशिक रोजगार व्यवसायी संघ आफ्नै भवनमा

**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालय नयाँ भवनमा सरेको छ । तिलगंगास्थित एक होटलमा भाडामा रहेको संघको कार्यालय १९ मंसिर बुधबार राजधानीको सिफलस्थित आफ्नै भवनमा सरेको हो । सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे ३ तले भवन संघ आफैंले खरिद गरेर सरेको हो ।

कार्यालय सारिने क्रममा बुधबार धार्मिक विधिअनुसार वास्तु पूजा गरिएको थियो । त्यस अवसरमा संघ कार्यसमिति पदाधिकारी तथा सदस्यहरू, सल्लाहकार र केही पूर्वअध्यक्ष तथा वैदेशिक रोजगार व्यवसायीहरूको उपस्थिति थियो । संघका अध्यक्ष राजेन्द्र भण्डारीले संघ पृष्ठ २ मा

WE ARE HIRING
APPLY NOW
PUBLIC RELATION OFFICER- 4 Nos
Requirements:
- Specially For Europe Country & Gulf Country.
- Minimum 2 Years Experience In Europe Countries Manpower Field.
- Good Communication Skill.
Contact:
White Gloves International Pvt. Ltd
P.O.Box No.: 9688, Samakhusi, Kathmandu , Tel.: 01-4964953
Mob.: 9860485800, 9851278676, 9851083206
Email: whitegloves1060@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

२० मंसिर २०८१, बिहीबार
5 December 2024, Thursday

# पाठेघरको मुखको क्यान्सर नियन्त्रणमा सरकार प्रतिबद्ध : मन्त्री पौडेल

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले नेपाल पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै यसका लागि देशव्यापी खोप कार्यक्रम कार्यान्वयनको चरणमा रहेको बताएका छन् ।

इन्डोनेसियाको बालीमा आयोजित विश्वव्यापी खोप सहकार्य गाभीको बैठकमा सम्बोधन गर्दै मन्त्री पौडेलले पाठेघरको मुखको क्यान्सर नियन्त्रणका लागि नेपालले आगामी माघ २२ गतेदेखि दुई सातासम्म किशोरीहरुलाई खोप अभियान सञ्चालन गर्न लागेको जानकारी दिए ।

'यो खोप अभियान नेपालका लागि मात्र होइन सर्भाइकल क्यान्सर अन्त्यको वैश्विक रणनीतिमा महत्वपूर्ण उपलब्धि हुनेछ', मन्त्री पौडेलले भने ।




गाभीसँग सहकार्य गरेर नेपालले खोपलक्षित प्राथमिकता तय गर्ने उल्लेख गर्दै मन्त्री पौडेलले नेपालले राष्ट्रिय खोप कार्यक्रममार्फत हेपाटइटिस बी तथा हैजाबिरुद्धसमेत खोप कार्यक्रम ल्याउने योजना बनाएको जानकारी दिए ।

'हामी यसबारे बिमर्श गरिरहेका छौँ', मन्त्री पौडेलले भने, 'नेपालले यसका लागि चाँडै औपचारिक अनुरोध गर्नेछ ।'

नेपालमा खोप कार्यक्रम सञ्चालन गर्न कुल बजेटको कम मात्र अंश स्वास्थ्यका लागि विनियोजन हुनु तथा नयाँ संघीय व्यवस्थामा जनशक्ति अभावजस्ता समस्यासँग जुधिरहनुपरेको मन्त्री पौडेलको भनाइ थियो ।

'हाम्रो स्वास्थ्य क्षेत्र सुदृढीकरण सहायता क्षमता अभिवृद्धि सहायतामा तपाईंहरुबाट सहयोगको अपेक्षा गरेका छौं', मन्त्री पौडेलले सम्बोधनका क्रममा भने, 'यस्तो सहयोगले नेपाल र नेपालजस्ता देशहरुका लागि खोपहरुको पहुँच र सुलभता महत्वपूर्ण हुनेछ ।'

कोही पनि पूर्ण खोप अभियानबाट बञ्चित नहुन् भन्नका लागि नेपालले विश्वव्यापी खोप अभियानसँग गर्ने साझेदारी महत्वपूर्ण हुने उनको भनाइ थियो ।

# गढीमाईको सुरक्षा अवस्था बुझ्न गृहमन्त्री बरियारपुरमा

**राहुल गुप्ता/मध्यान्ह**
बारा, १९ मंसिर

विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेलाको सुरक्षा अवस्था बुझ्न गृहमन्त्री रमेश लेखक बुधबार वरियारपुरस्थित गढीमाई मन्दीर पुगेका छन् । उनले सो क्रममा पूजा अर्चनाको साथै दर्शन समेत गरेका छन् ।

गृहमन्त्री लेखक बिहानै बाराको महागढीमाई नगरपालिका वडा नम्वर १ वरियारपुरमा रहेको शक्ति पिठको रुपमा स्थापित गढीमाई मन्दिर पुगेका थिए ।

गृहमन्त्री लेखकलाई महागढीमाई नगरपालिकाका नगरप्रमुख एवं पञ्चवर्षीय मेला व्यवस्थापन मुल समितिका अध्यक्ष उपेन्द्र प्रसाद यादवले स्वागत गरेका थिए । लाखौं श्रद्धालुभक्तजनहरुको भिडभाड भएको स्थानमा गृहमन्त्री उपस्थित भइ पुजा गर्नु र सुरक्षाको अवस्था बुझ्न आएकोमा मेला व्यवस्थापन समिति अध्यक्ष यादवसहित सम्पूर्ण समितिले गृहमन्त्रीप्रति कृत्तज्ञयता प्रकट गरेका थिए ।



मेलाले नेपाललाई अन्तर्राष्ट्रिय स्तर एउटै ठूलो पहिचान दिएकोले गढीमाई मन्दिरको संरक्षण लगायत मेलालाई सभ्य र भब्य बनाउनमा नेपाल सरकार प्रतिबद्ध रहेको गृहमन्त्री लेखकले बताए ।

गढीमाई मेलालाई व्यवस्थित बनाउनको लागि आफुले सुरक्षाको दृष्टिकोणले कुनै पनि कसर बाँकी नरहने गरी प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिएको मन्त्री लेखकले बताए ।

मेलामा दर्शनार्थीहरुको चाप बढी हुने गरेकोले सुरक्षामा कुनै कसर बाँकी नरहने आवश्यक परेमा थप सुरक्षाकर्मीलाई मेलामा खटाइने गृहमन्त्री लेखकले सञ्चारकर्मीहरुसँगको कुराकानीमा बताए । मेलामा आउने हरेक श्रद्धालुभक्तजनहरुको सुरक्षामा कुनै कमि नहोस्, सुरक्षा निगरानी राख्न हरेक उपकरणको प्रयोग गरेर निगरानी गर्न समेत सुरक्षा निकायलाई उनले निर्देशन दिए ।

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २ हप्तादेखि ताला

**जुम्ला/मस**-जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालको पठनपाठन दुई हप्तादेखि प्रभावित भएको छ । शिक्षक र कर्मचारीहरूले बढुवाको माग गर्दै प्रतिष्ठानको शैक्षिक भवन र प्रमुख पदाधिकारीहरूको कार्यकक्षमा ताला लगाएका छन् ।

दुई सातादेखि प्रतिष्ठानको शैक्षिक भवन, उपकुलपति डा. मङ्गल रावल, रजिष्ट्रार नृपेन्द महत र रेक्टर डबलबहादुर धामीको कार्यकक्षमा ताला लगाइएको छ ।

५८ जना शिक्षक र कर्मचारी लामो समयदेखि बढुवा नभएको भन्दै आन्दोलनमा उत्रिएका छन् । उनीहरूले बढुवाको नियुक्ति पत्र प्राप्त नहुँदासम्म ताला नखोल्ने धम्की दिएका छन् ।

लामो समयदेखि बढुवा प्रक्रिया अघि नबढाउनु, कर्मचारीको पक्षमा




अदालतले गरेको फैसला कार्यान्वयन गर्न नमान्नु, कार्यकारी परिषद्ले सभा बैठकमा लिएको स्तरोन्नतिको प्रस्तावमा सैद्धान्तिक सहमति दिँदा समेत पहल अघि नबढ्नुजस्ता कारण देखाएर तालाबन्दी गरिएको छ ।

प्रतिष्ठानका पदाधिकारीहरूले शिक्षक कर्मचारीसँग संवाद र सहमतिको प्रयास गरे पनि कुनै समाधान निस्कन सकेको छैन । वार्ता टोलीका संयोजक डा. धामीले शिक्षक कर्मचारीलाई वार्तामा बोलाइएको भए पनि उनीहरू नआएको बताए ।

यस आन्दोलनका कारण प्रतिष्ठानको पठनपाठन र प्रशासनिक कामकाज ठप्प भएको छ । डा. धामीले भने, 'आन्दोलनमा उत्रिएका शिक्षक कर्मचारीलाई वार्तामा बोलाएका छौं । तर उनीहरू बस्न मानिरहेका छैनन् । फलस्वरूप कहिलेसम्म प्रतिष्ठान खुल्ने भन्ने द्विविधा सिर्जना भएको छ ।'

धामीका अनुसार नेपालभरिबाट चिकित्सा शिक्षा पढ्न आएका विद्यार्थीहरू मर्कामा परेका छन् । शिक्षक कर्मचारीले पदाधिकारीको कक्षमा मात्र ताला लगाएको भए पढाइ प्रभावित नहुने धामी बताउँछन् । उनले आन्दोलनको स्वरुप बदल्न आग्रह गरिरहेको पनि उल्लेख गरे ।

शिक्षक र कर्मचारीको बढुवा प्रक्रिया नेपाल लोकसेवा आयोगको परामर्श अनुसार अघि बढाउन भनिए पनि अहिलेको अवस्थामा विद्यार्थीहरूका लागि गम्भीर समस्या सिर्जना भएको छ ।

# बलि दिएका पशुको उचित व्यवस्थापन गर्न निर्देशन

**काठमाडौं/मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गढीमाई मन्दिरमा बलि दिइएका पशुपंक्षीको उचित व्यवस्थापन गर्न निर्देशन दिएको छ ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता रामकृष्ण लामिछानेले बुधबार सूचना प्रकाशित गरी सर्वोच्च अदालतको आदेशलाई शिरोपर गर्दै हाम्रा धार्मिक एवं सांस्कृतिक प्रथा, परम्परा र प्रचलनलाई व्यवस्थित, मर्यादित र समयानुकूल बनाउँदै मानवीय एवं वातावरणीय पक्षमा प्रतिकूल असर नपर्ने गरी आ-आफ्ना प्रथा, परम्परा, चालचलन, रीतिरिवाज एवं धार्मिक अनुष्ठान सञ्चालन गर्नु गराउनु हुन आग्रह गरेका छन्।

सर्वोच्च अदालतबाट २०७३ साउन २० मा सम्बन्धित




निकायका नाउँमा 'पशुबली दिने दिलाउने कार्यमा प्रत्यक्ष वा परोक्षरूपमा प्रोत्साहन वा सहयोग पुग्ने गरी सरकारको तर्फबाट कुनै कार्य नगरी त्यस्तो कार्यलाई निरुत्साहित गर्नु गराउनु भनी जारी गरिएको परमादेश र गढीमाई मेलाका क्रममा हुने गरेको वातावरणीय प्रदूषण नियन्त्रण गरी स्वस्थ र स्वच्छ वातावरण कायम राख्न बली दिइएका पशुपक्षीका मासुलगायत पदार्थको उचित व्यवस्थापन गर्नु, मासुको गुणस्तर निर्धारण, परीक्षण र नियन्त्रण गर्नु तथा गढीमाई मन्दिर र आसपासका क्षेत्रका स्वस्थ र स्वच्छ वातावरण कायम गर्न तथा बली दिइएका पशुको रगत, मासु, छाला लगायत अन्य कारणबाट स्थानीय जनस्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन आवश्यक प्रबन्ध मिलाउनु' भनी जारी गरिएको परमादेशको आदेशका सन्दर्भमा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले प्रथा परम्परा अनुसार चाडपर्व मनाउने कार्यले समाजका अन्य सम्प्रदाय वा समुदायको भावनामा चोट नपुगोस् भन्नेतर्फ सचेत रहन पनि आग्रह गरेको छ ।

## बीआरआई...

आधिकारिक रूपमा अघि बढाउने पक्का भएको छ। नेपालले सन् २०१७ मा बीआरआईको सैद्धान्तिक सहमतिमा हस्ताक्षर गरेको ५ वर्षपछि सहकार्य फ्रेमवर्कमा सहमति जनाएको हो ।

बीआरआई फ्रेमवर्कमा २ देशबीच हस्ताक्षर भएसँगै त्यसअन्तर्गत विभिन्न १० परियोजनाहरू पनि चयन भएका छन् ।

लामो समयदेखि चर्चा र बहसमा रहे तापनि बीआरआई सम्झौतामा ठोस प्रगति हुन सकेको थिएन । नेपालमा परियोजनाको भविष्यमाथिसमेत प्रश्न उठ्न थालेको थियो । दुवै पक्ष बीआरआईको फ्रेमवर्कमा सहमत भएसँगै अन्योल चिरिएको छ ।

## यसरी...

फ्रेमवर्कमा अनुदानमा बीआरआई कार्यान्वयन गर्न सकिने नेपालले प्रस्ताव गरेको थियो । तर, चीनले अनुदानमा मात्र बीआरआई कार्यान्वयन गर्न नसकिने भनेपछि दुवै देशले मध्यमार्गी बाटो अपनाएका हुन्। चिनियाँ पक्षसँगको सहमतिका लागि प्रधानमन्त्री ओलीको भ्रमण दलमा रहेका प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाकार र परराष्ट्रमन्त्री आरजु राणा देउवाले नेपालको तर्फबाट संवाद गरेका थिए । चिनियाँ पक्षबाट विदेश मन्त्रालयका उच्च अधिकारीहरू सामेल थिए। २ पक्षबीच भएको सघन वार्ता र छलफलमा फ्रेमवर्कमा नेपालले प्रस्ताव गरेको 'अनुदान' शब्दलाई हटाएर 'सहायता' शब्द राख्ने सहमति जुटेसँगै हस्ताक्षर भएको हो ।

बीआरआई परियोजनाअन्तर्गत ऋणसमेत लिन सकिनेगरी फ्रेमवर्कमा २ पक्षले हस्ताक्षर गरेका हुन्। हस्ताक्षरसँगै नेपालले कुनै पनि चिनियाँ परियोजनामा ऋण वा सहायता दुवै लिन बाटो खुलेको छ ।

चिनियाँ समकक्षी ली छ्याङ र प्रधानमन्त्री ओलीबीच मंगलबार भेटवार्ता हुँदासम्म फ्रेमवर्क समझदारीको विषय टुंगिएको थिएन । भेटवार्तामा पछि जारी ९ बुँदे सहमति र समझदारीपत्रमा पनि बीआरआई फ्रेमवर्क उल्लेख थिएन ।

चिनियाँ राष्ट्रपति सी जिनपिङ र समकक्षी छ्याङसँग भेटवार्तापछि दुवै देशले जारी गरेको १२ बुँदे वक्तव्यमा पनि बीआरआई उल्लेख छैन ।

बेइजिङमा रहेका नेपाली अधिकारीका अनुसार बीआरआईअन्तर्गत नेपालले चीनबाट सहायता पाउँदा 'ग्रान्ट फाइनान्सिङ कोअपरेशन मोडालिटी'अन्तर्गत रहने उल्लेख थियो । 'लोन' अर्थात् ऋणमै जोड गर्दै आएको चिनियाँ पक्ष नेपालको मस्यौदालाई केरमेट गर्दै 'असिस्टेन्स फाइनान्सिङ मोडल' राख्यो ।

दुवै पक्षबीच छलफलका क्रममा 'एड असिस्टेन्स फाइनान्सिङ' राखेर त्यसमा समझदारी भएको हो । भेटवार्ताका सबै कार्यक्रम सम्पन्न भइसकेपछि र संयुक्त वक्तव्यसमेत जारी भएपछि चिनियाँ पक्ष बीआरआई सहकार्य सम्झौतामा आउन तयार हुनुलाई नेपाली पक्षले सकारात्मक रूपमा लिएको छ। परराष्ट्र मामिलाका जानकार अरुण सुवेदीले बीआरआई फ्रेमवर्कमा हस्ताक्षर हुनु प्रधानमन्त्रीको चीन भ्रमणको उपलब्धि भएको बताए ।

उनले भने, 'यो हस्ताक्षरले २ वटा सन्देश दिएको छ । पहिलो, सन् २०१७ मा भएको सम्झौतालाई नेपालले ढिलै भए पनि अगाडि बढाउँछ भन्ने सकारात्मक सन्देश प्रवाह गरेको छ। अर्को, चीनले नेपाललाई प्राविधिक, आर्थिक र वित्तीय सम्भावना बोकेका र प्रतिफल दिन सक्ने परियोजना लिएर आउन सन्देश दिएको छ ।' उनले सम्झौतापछि अनुदानको रटान गरिरहेको नेपाली कांग्रेस एक कदम पछि हटेको बताए ।

बुधबार नै प्रधानमन्त्री ओलीले चीनको पेकिङ विश्वविद्यालयमा सम्बोधन गरेका छन् । विश्वविद्यालयमा 'बृहत् लोकतन्त्र : समृद्ध नेपाल, सुखी नेपालीको यात्रा' विषयमा मन्तव्य दिँदै उनले लोकतन्त्रको क्षयीकरण र यसका चुनौतीबारे विचार प्रकट गरे ।

सम्बोधनमा उनले चीनसँग ऐतिहासिक महत्त्व राख्ने खालका सम्झौता भएको बताए । आपसी सम्बन्धलाई व्यापकता, उचाइ र गहिरो एवं अझ मजबुत बनाउन भ्रमण सार्थक रहेको ओलीले बताए । 'आजको विश्व लोकतन्त्रको क्षयीकरण वा पछाडि फर्कने कुरा गरिरहेको छ', उनले भने, 'बिडम्बना के छ भने, धेरै तथाकथित विकसित देशहरूमा जनतालाई नै लोकतन्त्रविरुद्ध खडा गरिएको छ ।' प्रधानमन्त्रीले लोकतन्त्रलाई बृहत् अर्थमा बुझ्नुपर्ने र यसको व्यापकता खोज्नुपर्नेमा जोड दिँदै लोकतन्त्रलाई केवल राजनीतिक संरचनाको रूपमा बुझ्न नहुने बताए।

'लोकतन्त्रले केवल प्रतिनिधिहरू चयन गर्ने प्रक्रियामा सीमित रहनु हुँदैन । यो आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरूमा पनि आधारित हुनुपर्छ । लोकतन्त्रले जिम्मेवारी र कर्तव्यको समन्वय गराउनुपर्छ', प्रधानमन्त्री ओलीले भने ।

सन् १९९० को आन्दोलनपछि बहुदलीय लोकतन्त्र फर्किएको ओलीले स्मरण गरे । त्यसपछि पनि मुलुकमा राजतन्त्र कायम रहेको र सन् १९९६ देखि सशस्त्र द्वन्द्व सुरु भएको उल्लेख गर्दै ओलीले विस्तृत शान्ति सम्झौतापछि मुलुकले लोकतान्त्रिक गति लिएको उनले बताए ।

## प्रधानसेनापति...

तय भएको छ । त्यस अवसरमा प्रधानसेनापति सिग्देलले भारतका उच्च पदस्थ पदाधिकारीहरूसँग भेटघाट गर्नुका साथै इन्डियन मिलिटरी एकेडेमीमा तालिमरत अधिकृत क्याडेटहरूको अन्तिम दलेल कवाजमा प्रमुख अतिथिको रूपमा सहभागी हुने कार्यक्रमसमेत रहेको सैनिक मुख्यालयले जानकारी दिएको छ ।

## बालविकास...

पुग्नु अगाडि बालबालिकाले ३ वर्ष पढ्छन् भने सरकारीमा ४ वर्षमाथिकाले १ वर्षको मात्र कक्षा लिन्छन् । सिकाइको सुरुवातमै ३ वर्षको अन्तरले सरकारी विद्यालयका विद्यार्थीहरू पछि परिरहेका तर्क कतिपयको छ । अर्कातर्फ सानो उमेरमा धेरै पढ्न बाध्य परिँदा बालबालिकाको सर्वांगीण विकास हुन नसकेको तर्क शिक्षाविद्हरूको छ ।

यहीबेला सरकारले प्रारम्भिक बालविकास शिक्षा प्रणालीमा परिमार्जन गर्न लागेको हो । यो निजीका हकमा समेत लाग हुनेगरी नीति तय गरिने सरकारी अधिकारीहरू बताउँछन् ।

## मार्शल ल...

साथीलाई पैसा असुली गर्न सघाएको आरोप लागेपछि तात्कालीन राष्ट्रपति पार्क चुंग हेविरुद्ध महाभियोग लागेको थियो ।

सन् २०१६ मा २३४ सांसदले महाभियोगको प्रस्तावमा राष्ट्रपति पार्कविरुद्ध मत दिएका थिए । त्यसअघि सन् २००४ मा पनि तत्कालीन राष्ट्रपति रोह मु-ह्युनलाई पनि महाभियोग लागेको थियो ।

उनलाई २ महिना निलम्बन गरिएको थियो भने संवैधानिक अदालतले पछि उनलाई फेरि पदमा फर्काएको थियो ।

दक्षिण कोरियामा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउन संसद् राष्ट्रियसभाका कुल ३०० सदस्यमध्ये दुई तिहाइ अर्थात् २०१ जनाले मत दिनुपर्छ। महाभियोग पारित भएपछि संवैधानिक अदालतमा सुनुवाइ हुन्छ ।

'मार्शल ल' लागू हुने घोषणा गर्नुअघि राष्ट्रपति युनले आफ्नो सरकारलाई कमजोर बनाउन विपक्षीहरूले गरिरहेका प्रयासबारे चर्चा गरेका थिए। उनको आदेशपछि केही समय देशमा सेना परिचालन भयो । हेल्मेट लगाएका सैनिक र प्रहरीहरू संसद् भवनमा तैनाथ भएका थिए ।

सेनाले पनि एउटा आदेश जारी गर्दै संसद्को गतिविधि र राजनीतिक समूहबाट हुने प्रदर्शनमा प्रतिबन्ध लगाइएको जनायो । सेनाले संचार माध्यमलाई पनि सरकारी नियन्त्रणमा राख्ने आदेश जारी गरेको थियो ।

तर, दक्षिण कोरियाका राजनीतिज्ञहरूले राष्ट्रपति युनको घोषणालाई तत्कालै गैरकानुनी र असंवैधानिक भएको प्रतिक्रिया दिएका थिए । राष्ट्रपतिकै दल पिपुल्स पावर पार्टी (पीपीपी)का नेताले युनको कदमलाई गलत भनेर आलोचना गरे ।

दक्षिण कोरियामा यसअघि सैन्य शासकको हत्या भएका समयमा सैन्य कानुन लागू गरिएको थियो । सन् १९८७ मा संसदीय प्रजातान्त्रिक व्यवस्था कायम भएपछि यस्तो कानुन कहिल्यै लागू गरिएको थिएन ।

## कोरियामा...

भनिएको आर्टिफिसियल इन्टेलिजेन्स ट्रान्सफर्मेसन कार्यक्रम रद्द गर्‍यो । आईबीएम र इन्टेलले पनि कर्मचारीहरूलाई घरबाट काम गर्न सिफारिस गरे ।

दक्षिण कोरियाका राष्ट्रपति युन आप्रवासीहरूप्रति अनुदार रहेको कोरियामा बसोबास गर्ने नेपालीहरूको बुझाइ देखिन्छ । उनी विदेशी कामदारलाई हटाउनुपर्छ वा स्वदेशीभन्दा कम तलब दिनुपर्छ भन्ने पक्षमा रहेका कारण उनी विदेशी कामदारहरूमाझ अलोकप्रिय रहेका बताइएको छ ।

तत्कालका लागि कोरियामा मार्शल ल हटे पनि वर्तमान राष्ट्रपति युन रहेसम्म आप्रवासी कामदारका पक्षमा अनुकूलमा निर्णय नआउने अधिकाशको भनाइ छ ।

## नेपाल...

स्थापनाको ३२ वर्षको अवधिमा आफ्नै भवन नहुनुको पीडादायी अवस्थाको अन्त्य गर्न उपयुक्त स्थानमा भवन खरिद गरिएको जानकारी दिए। संघको आफ्नो भवन भएमा दैनिक कार्यालय संचालन, भावी योजना निर्माण र कतिपय नीतिगत छलफलमा समेत गुणात्मक परिवर्तन ल्याउन सकिने उनले बताए ।

भवन खरिद गर्न संघले ४ करोड ३० लाख रुपैयाँमा बैनाबट्टा गरेको र उक्त रकम जुटाई कानुनी प्रक्रिया पूरा गरेर राजीनामा पास गरी लिने अध्यक्ष भण्डारीले जानकारी दिए । उनले संघको कार्यसंचालन र व्यवसायीको प्रतिष्ठा अभिवृद्धिका लागि पनि संघको आफ्नै भवन हुनु जरुरी रहेको भन्दै साधन, स्रोत जुटाउन व्यवसायीलाई योगदानका लागि खुला आह्वान गरिएको समेत जानकारी दिए।

हाल करिब १ हजार वैदेशिक रोजगार व्यवसायी क्रियाशील छन् । संघको भवन खरिदका लागि मध्यान्ह दैनिकले पनि १ लाख ११ हजार १११ रुपैयाँ प्रदान गरेको थियो । संघले भवन खरिदका लागि न्यूनतम १ लाखदेखि २० लाख रुपैयाँसम्म योगदान गर्ने व्यवसायीलाई विभिन्न सम्मान प्रदान गरिने बताएको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच नेपालले संघको भवन खरिदका लागि ४७ लाख रुपैयाँ प्रदान गरेको थियो ।

## भूल-सुधार

**यस मध्यान्ह दैनिकको अंक २८५ मिति २०८१ मंसिर १९ गते प्रथम पृष्ठमा प्रकाशित 'कार्तिकमा सबैभन्दा धेरै कामदार पठाउनेमा प्याराडाइज पहिलो, एसओएस दोस्रो र नील कमल तेस्रो' शीर्षकको समाचारमा सपोर्ट ह्युमन रिसोर्स प्रा.लि. दोस्रो (५०४) हुनुपर्नेमा अन्यथा भएकाले भूल सुधार गरिएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं ।**

**सं.-**

## तपाईंको राशिफल

मेष : राजकीय कार्यमा वृद्धि हुनेछ। नयाँ सम्पर्क बढ्नेछ। शत्रु परास्त हुनेछन् । यद्यपि, अनावश्यक खर्चको योग छ। वाणी संयम राख्नु होला। लामो यात्राको योग छ। बाहिरी सहयोग र सम्मान बढ्नेछ। आज अल्छीमा वृद्धि हुनेछ ।

वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जनको योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ । व्यवसायमा फाइदा हुनेछ तथा जनसम्पर्कमा वृद्धि हुनेछ । अर्कामाथि भने भरोसा गर्ने समय छैन ।

मिथुन : कार्य सफल हुनेछ। नौलो कार्यमा प्रगति हुनेछ। आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला । रोकावटपछि सफलता प्राप्त हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ। खानपानमा सन्तुलन राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ । व्यस्तता बढी भए पनि आम्दानी भने कम हुने छ। पारिवारिक स्वास्थ्यको कारण समस्या हुनसक्छ ।

सिंह : आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ। नयाँ सम्पर्क बढ्नेछ। पराक्रममा वृद्धिको योग छ। अनावश्यक विवाद हुने योग छ। बढी व्यस्तता रहनेछ। आकस्मिक धन लाभको योग छ। प्रियजनसँग भेट हुनेछ।

कन्या : पदोन्नतिको योग छ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । जग्गा खरिद हुने योग छ । व्यापारिक कार्यमा प्रगति हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ। वाणीमा भने संयम राख्नुहोला। जोखिम लिनु हुँदैन ।

तुला : जीवनमा समझदारी र सुझबुझ राखेर अगाडि बढ्नुपर्छ। प्रगतिसँगै आत्मबल बढ्दै जानेछ। आयको नौलो स्रोत बन्ने योग छ। व्यक्तिगत सम्बन्धले मनमा बेचैनी दिनेछ।

वृश्चिक : वाहन चलाउँदा सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ, धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

धनु : नयाँ काम बन्ने योग छ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । वाहन सावधानी जरुरी छ। धार्मिक कार्यमा सहभागी हुने योग छ। आयमा वृद्धि हुनेछ। राजनैतिक कार्यमा रोकावटको योग छ। सबै कार्यमा धैर्यता जरुरी छ।

मकर : प्रयास सफल हुनेछ। धन आर्जन हुने योग छ। उन्नतिको मार्ग प्रशस्त हुनेछ । साथीभाइबिच सम्बन्ध राम्रो भइरहनेछ, बाहिरी सहयोग प्राप्त हुनेछ। सम्मानमा वृद्धि हुनेछ। विधार्थीहरुको लागि समय अनुकूल छ।

कुम्भ : आजको दिन धेरै शुभ छ। जनसम्पर्कमा वृद्धि हुनेछ। पुरानो मित्रसँग भेटघाट हुनेछ। शैक्षिक कार्यमा प्रगति हुनेछ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ। आर्थिक लाभ हुनुका साथै व्यापारिक पक्ष पनि सुदृढ हुनेछ। बाहिरी सहयोगमा कमी आउनेछ। स्वास्थ्य राम्रो रहनेछ । खर्चमाथि विशेष नियन्त्रण आवश्यक छ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ५० वर्षका लागि उपयुक्त शिक्षा नीति तय गर्नुपर्छ : सभापति देउवा

**ललितपुर/मस–** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ४० देखि ५० वर्षका लागि प्रभावकारी हुने शिक्षा नीति तय गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाली कांग्रेस केन्द्रीय शिक्षा विभागद्वारा बुधबार आयोजित 'शिक्षा नीति बहस' विषयक कार्यक्रममा बोल्दै सभापति देउवाले शिक्षा र स्वास्थ्य पहिलो आवश्यकता भएको भन्दै नेपाललाई उच्च शिक्षाको गन्तव्य बनाउनुपर्ने बताए ।

'शिक्षा प्रणालीको गुणात्मक विकासदेखि विश्वविद्यालय तहसम्मको शिक्षालाई समयसापेक्ष र विश्वस्तरीय बनाइनु आवश्यक छ, सबै तह र क्षेत्रका उत्कृष्ट शिक्षा नीति तय गर्न यो बहस महत्वपूर्ण हुनेछ', उनले भने ।




कांग्रेसले मुलुकको शिक्षा प्रणालीको विकासलाई उच्च प्राथमिकतामा राखेको बताउँदै उनले शिक्षा ऐनको विषय चर्चामा रहेकाले यसका लागि पार्टीले पहलकदम लिने उल्लेख गरे ।

'क्याम्पसहरू विद्यार्थी अभावमा बन्द हुने अवस्थाको समस्या समाधानका लागि बहस उपयोगी हुनेछ, बहसबाट आएका निष्कर्ष कार्यान्वयनमा पार्टीले ध्यान दिनेछ, दक्ष र शिक्षित जनशक्तिलाई स्वदेशमै रहने वातावरण बनाउन शिक्षालाई सीपसँग जोड्नुपर्नेछ, यस्ता बहसले समग्र मुलुकको शिक्षा नीतिमा सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास छ', सभापति देउवाले भने ।

पार्टीको शिक्षा विभाग प्रमुख तथा केन्द्रीय सदस्य नैनसिंह महरको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न व्यक्तित्व र विषयविज्ञले आफ्ना धारणा राख्ने र प्रस्तुतीकरण राखेका थिए ।

# वीरेन्द्रनगरमा महायज्ञको तयारी पूरा मुख्यमन्त्री कँडेलले उद्घाटन गर्ने

**मध्यान्ह संवाददाता**
सुर्खेत, १९ मंसिर




कर्णाली प्रदेशको मानव सेवा आश्रमले कर्णाली प्रदेशस्तरीय भवन निर्माणका लागि आर्थिक र भावनात्मक सहयोग जुटाउने उद्देश्यले सुर्खेतमा श्रीमद् भागवत सप्ताह ज्ञान–विज्ञान महायज्ञ–२०८१ लगाउने भएको छ । बुधबार वीरेन्द्रनगरको खुल्ला मञ्चमा पत्रकार सम्मेलनमार्फत महायज्ञ मूल समारोह समितिका संयोजक डा.नवराज केसीले श्रीमद् भागवत सप्ताह ज्ञान–विज्ञान महायज्ञ–२०८१ को तयारी पूरा भएको जानकारी दिएका हुन् ।

उनले सहयोगापेक्षी सडक आश्रित मानवहरूको सेवा स्थायित्वको लागि कर्णाली प्रदेशको आफ्नै भवन निर्माण गर्ने लक्ष्य राखेर महायज्ञ आयोजना गर्न लागेको जानकारी दिए । मानव सेवा आश्रमले कर्णाली प्रदेशका १० जिल्लाबाट हालसम्म ४ सय १५ जनाभन्दा बढी बेसहारा, असहाय र सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्धार गरी सेवा प्रदान गरेको संयोजक केसीले बताए । उनकाअनुसार महायज्ञमार्फत संकलन भएको आवश्यक रकमले देउती बज्यै धार्मिक वनमा मानव सेवा आश्रमको भवन निर्माण गरिनेछ ।

उनले महायज्ञ मंसिर २१ गते (शुक्रबार) देखि २८ गतेसम्म सञ्चालन जानकारी दिए । शुक्रबार बिहान ९ बजे बुलबुले उद्यानबाट बाजागाजा, सांस्कृतिक झाँकी, शंखनाद, भजनकिर्तनसहित विशाल शोभा कलश यात्राबाट नगर प्रक्रिया गर्ने र त्यसपश्चात महायज्ञको उद्घाटन कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले गर्ने कार्यक्रम तय भएको मानव सेवा आश्रमका केन्द्रीय संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिए ।

उनका अनुसार महायज्ञको कथा वाचन भागवत भास्कर कमलनयन गौतमले गर्नेछन् भने कथा प्रवचनसँगै ख्याति प्राप्त कलाकारहरूबाट गीत, भजन, देव लीला नृत्य लगायतका विभिन्न प्रस्तुतिहरू प्रस्तुत हुनेछन् । यसै गरी कलाकार किरण केसी, शिवहरी पौडेल, वरिष्ठ पत्रकारहरू टिकाराम यात्री, राजेन्द्र बानियाँ, दिलभुषक पाठक, चर्चित इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेल लगायतको उपस्थिति रहनेछ ।

यस्तै कर्णाली प्रदेशमा भएका धार्मिक एवम् पर्यटकीय स्थलहरूको समेत फोटो प्रदर्शनी गरिने अध्यक्ष अधिकारीले जानकारी दिए । सहयोग जुटाउने र महायज्ञको सफलताका लागि २५ वटा उप–समितिहरू गठन गरिएको थियो । यी समितिहरूले सेवा र कार्यक्रमको सहजीकरणको लागि कार्य गर्दैछन् । यज्ञमा प्रदेश र जिल्लाका प्रमुख एवं प्रतिनिधिहरूलाई संरक्षक र अभिभावक परिवारमा मनोनयन गरिएको छ ।

यसका साथै मानव सेवा आश्रमका ७ प्रदेशका १९ जिल्लामा रहेका २५ सेवा केन्द्रबाट ३० जना अभियन्ता महायज्ञको आयोजनामा जुटिरहेका छन् । सुर्खेत आश्रमले २०७५ सालको माघ महिनामा वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ स्थित भाडाको घरमा सेवा शुभारम्भ गरेको थियो । यस महायज्ञले कर्णाली प्रदेशमा रहेका असहाय र बेसहारा मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने विश्वास गरिएको अध्यक्ष अधिकारीले बताए ।

# सामुदायिक विद्यालयको समस्या पहिचानमा जुट्दै पौवादुङमा



**भोजपुर/मस–** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि पौवादुङमा गाउँपालिकाले जोड दिएको छ । खस्किदो शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाले योजनाबद्ध विकासमा जोड दिएको हो ।

सामुदायिक विद्यालयको समस्या पहिचान तथा शैक्षिक सुधारका लागि स्थानीय सरकारले गर्नुपर्ने कार्यहरूका विषयमा जानकारी लिन सरोकारवाला पक्षसँग आवश्यक सुझाव सङ्कलन थालेको छ । गाउँपालिकाले हालसम्मको शिक्षाको समसामयिक अवस्थाको विषयमा जानकारी गराउँदै शैक्षिक सुधारका लागि आगामी दिनमा सम्बद्ध पक्षले खेल्नुपर्ने भूमिकाका विषयमा योजनाबद्ध रुपमा काम अघि बढाएको छ ।

गाउँपालिकाले खस्किँदो शैक्षिक क्षेत्रको सुधारका लागि यहाँका ३२ वटा विद्यालयका सम्पूर्ण शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा जनप्रनिधिसँग अन्तरक्रिया तथा उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममार्फत समूह निर्माण गरेर शैक्षिक सुधारका लागि गर्नुपर्ने कार्यका बारेमा रणनीति तयार गरिएको हो ।

हालको नतिजालाई थप सुधारका लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा गाउँपालिकाले गर्नुपर्ने कामको विषयमा सहभागीले आफ्नो लिखित सुझाव दिएका छन् । सहभागीहरूले आवश्यक कार्यविधि तयार गरेर गाउँपालिकाले अनुगमनमा जोड दिनुपर्ने साथै स्थानीय सरकारले पुरस्कार र दण्डको नीतिलाई अवलम्बन गरेर कडाइका साथ अघि बढ्नुपर्ने बताएका छन् । विद्यालयहरूको आवश्यकताका आधारमा गाउँपालिकाले कार्यक्रम सञ्चालन गर्नुपर्ने सहभागीको भनाइ छ । सामुदायिक विद्यालयहरुबाट राज्यको लगानी अनुसारको प्रतिफल आउन नसकेकाले शैक्षिक सुधारका लागि गर्नुपर्ने कामको विषयमा सरोकारवाला पक्षसँग आवश्यक सुझाव सङ्कलन थालिएको गाउँपालिका अध्यक्ष किरण राईले बताए ।

गाउँपालिकाको शिक्षाको क्षेत्रमा रहेका समस्याको पहिचान गरेर त्यसको समाधानमा जुट्दै सामुदायिक विद्यालयको गुणस्तर सुधारमा योजनाबद्ध रुपमा जुटेको उनको भनाइ छ ।

'गाउँपालिकाको शैक्षिक सुधारका लागि योजनाबद्ध रुपमा काम गरिरहेका छौँ', अध्यक्ष राईले भने, 'तथापि पनि सोचे अनुसारको परिणाम आउन सकेको अवस्था छैन, कसरी गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्नका लागि सबै विद्यालयका शिक्षक तथा व्यवस्थापन समितिसँग छलफल गरेर आवश्यक योजना निर्माण गरिरहेका छौँ ।' विगतका दिनहरुबाट विद्यालयको शैक्षिक सुधारका लागि गाउँपालिकाका तर्फबाट प्रोत्साहनका कार्यक्रम सञ्चालन भइरहेको अध्यक्ष राईको भनाइ छ ।

सामुदायिक विद्यालयको खस्किँदो गुणस्तर सुधारका लागि सबै पक्ष गम्भीर बन्न आवश्यक रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले बताए ।

शैक्षिक गुणस्तर सुधारका लागि सबैले आफ्नो क्षमतालाई सही ठाउँमा सदुपयोग गर्न आवश्यक रहेको उनको भनाइ छ । प्रविधिमूलक शिक्षणमा विद्यालयहरुले जोड दिन आवश्यक रहेको उनले बताए ।


पौवादुङमा एक विद्यार्थी बराबर राज्यका तर्फबाट वार्षिक रुपमा ४४ हजार नौ सय ९२ रुपैयाँ लगानी भइरहेकाले यो लगानीको सदुयोगमा सबैले ध्यान दिनुपर्ने गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताए ।

गत वर्ष गाउँपालिकाको एसइई उत्तीर्ण प्रतिशत छ दशमलव पाँच रहेको शिक्षा शाखाले जनाएको छ । विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कनको तथ्याङ्क राम्रो देखिए पनि बाह्य मूल्यांकनमा भने कमजोर देखिएको शाखाको भनाइ छ ।

कोशी प्रदेशसभा सदस्य विनोद वान्तावाले राज्यले शिक्षामा गरेको लगानीको प्रतिफल आउनेगरी शैक्षिक गतिविधिलाई अघि बढाउन आवश्यक रहेको बताए ।

# जनकपुरधाममा मासु, माछा र मदिरा विक्री वितरणमा रोक

**जनकपुरधाम/मस–** सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरधाम नगरपालिका भित्र बुधबारदेखि मासु, माछा तथा मदिरा बिक्री वितरणमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले एक सूचना प्रकाशित गर्दै बुधबारदेखि तीन दिनसम्म माछा, मासु तथा मदिरा बिक्री वितरणमा रोक लगाएको हो ।



कार्यालयद्वारा जारी सूचनामा बुधबारराति १२ बजेदेखि मंसिर २२ गते राति १२ बजेसम्म जनकपुर नगरक्षेत्रमा मासु, माछा तथा मदिरा बिक्री वितरण नगर्न र नगराउन आदेश जारी गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाको परिक्रमा क्षेत्रभित्र तथा परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, पशुपक्षी काटमार, माछा बिक्रीवितरण तथा उत्पादनलगायत अन्य नशालु पदार्थको सेवन नगर्नरनगराउन अनुरोध गर्दै ती वस्तु पूर्ण रूपमा निषेध गरिएको सूचनामार्फत जनाइएको छ । धनुषाका प्रमुख जिल्ला अधिकारी राजुराम कडरियाको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरी सूचना जारी गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जनकपुर नगरदर्शनबाट सुरु हुने विवाहपञ्चमी महोत्सव रामकलेवा गरेसँगै मंसिर २२ गते सम्पन्न हुनेछ ।

आइतबार सार्वजनिक बिदा

मधेश प्रदेश सरकारले गढीमाई मेला हर्षोल्लास पूर्वक मनाउने भन्दै मंसिर २३ गते आइतबार प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले आइतवार प्रदेशमा सार्वजनिक बिदा दिने निर्णय गरेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ ।

# जुम्लाको पातारासीमा फोरजी सेवा

**जुम्ला/मस–** पातारासी गाउँपालिका–२ मा नेपाल टेलिकमको टावर सञ्चालनमा आएपछि यहाँका स्थानीयवासी सञ्चारको पहुँचमा पुगेका छन् ।

उक्त टावरबाट टुजी र फोरजी सेवा सञ्चालन गरिएको छ । जिल्लाको विकट गाउँ रहेको वडामा गत सोमबारदेखि उक्त टेलिफोन सेवा सञ्चालनमा आएको हो ।

नेपाल टेलिकमले टावर स्थापना गरेसँगै उक्त गाउँपालिकाका वडा नम्बर १, २ र ३ का स्थानीय पहिलोपटक दूरसञ्चार सेवाबाट लाभान्वित भएका वडाध्यक्ष बलबहादुर बोहोराले बताए ।

ग्रामीण क्षेत्रलाई प्राथमिकतामा राखेर टेलिकमले काम गरिरहेको यहाँका नेपाल टेलिकम कार्यालय प्रमुख सुवास शाहले बताए । यहाँका आठवटै स्थानीय तहका १८ स्थानबाट सञ्चार सेवा प्रवाह भएको उनले जानकारी दिए ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

MANAGER- 1 (Male/Female)
मेनपावरमा ३/४ बर्ष मेनेजर काम गरेको अनुभबी र अनुशासित

DOCUMENT CONTROLER - 1 (Male/Female)
साउदीको MOF, MOFA PAYMENT, MEDICAL PAYMENT / Feims or Dofe System ko सम्पूर्ण काम (पूर्व, अन्तिम, Demand बनाउन जान्ने)

Salary Negotiable

NEPAL LIFE RECRUITMENT AGENCY (P) LTD.
Govt. Lic. No. 1476/074/075
Tel: 014598920, Mob : 9851076290, 9801076290
Email: nepallifera1476.2017@gmail.com
Gaushala, Kathmandu

# तिलागुफा– ४ का नवनिर्वाचित वडा अध्यक्षले लिए शपथ



**कालिकोट/मस–** तिलागुफा नगरपालिका–४ का नवनिर्वाचित वडाध्यक्ष खड्गराज शाहीले शपथ लिएका छन् । नवनिर्वाचित वडाध्यक्ष शालीलाई तिलागुफा नगरपालिका मेयर शंकरप्रसाद उपाध्यायले शपथ ग्रहण गराए ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाट निर्वाचित भएका शाहीलाई तिलागुफा नगरपालिकाको कार्यालयमा बुधबार आयोजित एक कार्यक्रमकाबीच शपथ ग्रहण गराइएको हो ।

तिलागुफा नगरपालिका –४ बाट निर्वाचित माओवादी केन्द्रका वडाध्यक्ष परबहादुर शाही लगायतका १३ जनाको २०७९ मा निधनपछि यस वडामा उपनिर्वाचन भएको हो । मेयर उपाध्यायले शपथ पछि वडाअध्यक्ष खड्गराज शाहीलाई स्वागत समेत गरे । संविधान भन्दा बाहिर गएर जनप्रतिनिधिले कर्मचारीलाई दबाब दिएको खण्डमा आफूलाई भन्न उनले आग्रह गरे ।

उनले अबको अढाई वर्षको अवधिमा विकास निर्माणका कार्य गर्न बाकी रहेको बताउँदै अब हुने नीतिगत निर्णय, लगायतका विभिन्न विषयमा सम्पूर्ण कर्मचारीले सहयोग गर्नुपर्ने बताए । देश र जनताको नाममा खाएको शपथ अनुसार आफ्नो कामकारबाही जिम्मेवारीका साथ कर्तव्यनिष्ठ भई पालना गर्ने वडाध्यक्ष शाहीले प्रतिबद्धता व्यक्त गरे ।

**कुवेतमा रोजगार**

कम्पनी: GULF MASTER INTERNATIONAL GENERAL TRADING & CONTRACTION COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/१९ चलानी नं.: ६०२२९२५६ L.T. No.: 314915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 3 | 3 | सम्बन्धित काममा दक्ष | 90 | ३९,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 160 | ७०,३८२ | | | | | | | |

कम्पनी: AL KHATTAF GENERAL TRADING COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/१९ चलानी नं.: ६०२२९२५५ L.T. No.: 314914

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | स. काममा दक्ष | 150 | ६५,९८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २७ गते (12 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 981054684
E-mail: omama.manpower1422@gmail.com, URL : www.omamamanpower.com, omamamanpowerdemand@gmail.com
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency

सुवर्ण गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
कवही गोठ, बारा
मधेश प्रदेश (नेपाल)

**बोलपत्र स्वीकृत गर्न आशयको सूचना**

प्रकाशित मिति २०८१/०८/२० गते

उपरोक्त सम्बन्धमा यस कार्यालयको तर्फवाट मिति २०८१/०७/०९ गतेमा प्रकाशित e-bidding वोलपत्रको सूचना अनुसार रितपूर्वक दर्ता भइ प्राविधिक तथा आर्थिक मुल्याङ्कन हुँदा तपसिलका वोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको मिति २०८१/०८/१६ गतेको मुल्याङ्कन समितिको बैठकले स्वीकृतको लागि छनौट गरेको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सो ऐनको दफा ४७ को प्रयोजनाथ सम्बन्धि सवैको जानकारीको लागि मिति २०८१/०८/२० गते देखि लागु हुने गरि यो ७ (सात) दिने आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोलपत्र/ठेक्का नं. | कामको विवरण | सफल बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरेको रकम मु.अ कर र ps सहित | कैफियत |
|---|---|---|---|---|
| SRM/W/2081-82/06 | Thalahi nadiko pool dekhi bakhtaura gaun hudai maujilalko ghar samma sadak dhalan tatha nala nirman | Raunak construction & suppliers Pvt. Ltd. | 5305323.11 | |

नि. प्रमुख प्रशासकीय अधिकृत

## सम्पादकीय

# पुग्दैन नाराले मात्र


नेपालसहित विश्वभर महिला हिंसाविरूद्धको १६ दिने अभियान चलिरहेको छ। बर्सेनि २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म निश्चित नारा तय गरी महिला हिंसाविरूद्धको दिवस मनाइने गर्छ। 'टाइम टु याक्ट नाउ' थिमका साथ यो वर्ष पनि १६ दिने अभियान चलिरहेको छ। यो अभियानमा नेपालका राजनीतिक एवं सामाजिक अभियन्ताहरूले सन्देशमूलक कार्यक्रम गरिरहेका छन्। राजनीतिक दल निकट महिला संगठनहरूले अन्तरक्रिया गर्ने, महिला जागरण तथा हिंसाविरूद्धका अध्ययन सामग्री प्रकाशन गर्ने, प्रतीकात्मक प्रदर्शन गर्नेजस्ता गतिविधि गरिरहेका छन्। लैंगिक समानताको वकालत गर्ने सरकारी निकायहरूले औपचारिक कार्यक्रममार्फत १६ दिने अभियान मनाउने गर्छन्। विशेषगरी महिलाको मन जित्नुपर्ने बाध्यतामा रहेका राजनीतिक दलमा आवद्ध व्यक्तिहरूले यो दिवसको बढी प्रचार गर्ने गरेको देखिन्छ। यो काइदा चुनाव केन्द्रित रहेको तथ्य पनि लुक्दैन। तर, लैंगिक समानताको अवस्था अथवा महिलामाथि हुने विभेद आज पनि चिन्ताकै विषय छ।

जसले १६ दिने अभियानको नेतृत्व गरिरहेका छन्, उनीहरू आवद्ध रहेकै संस्था अथवा परिवारमा पनि यो विषय चिन्ताकै कुरा छ। विशेषगरी मुलुककै नेतृत्व गर्ने राजनीतिक दलहरूमा समान सहभागिता र अवसरको प्रश्न चुनौतीपूर्ण छ। समाजका अरू क्षेत्रमा महिला सहभागिता बढ्न सकेको छैन बरू महिलामाथि हुने विभेद र हिंसाका घटना डरलाग्दोगरी बढिरहेका छन्। एक अध्ययनका अनुसार २०७० देखि २०८० को दशकमा हरेक दिन औसतमा ४२ घटना महिला हिंसासम्बन्धी दर्ता भए। यो दशकको अर्को आँकडाले सचेत मस्तिष्कलाई झस्काउँछ। अध्ययनहरूका अनुसार आर्थिक वर्ष २०७०/२०७१ मा महिला हिंसाका ८ हजार ६६८ घटना दर्ता भएका थिए। यो संख्या आर्थिक वर्ष २०७९/०८० पुग्दा २२ हजार ६४४ पुग्यो। यद्यपि, यो तथ्यांक आर्थिक वर्ष २०७८/०८० भन्दा झण्डै १ हजारले घटी हो। तर, प्रहरीमा दर्ता भएको महिला हिंसासम्बन्धी तथ्यांक गम्भीर चिन्ताको विषय हो।

१६ दिने अभियानका क्रममा हुने अभियन्ताहरूको प्रतिबद्धता मात्र नभएर महिला हिंसा अन्त्य गर्ने कुरा संवैधानिक सुनिश्चितता हो। संविधानले महिला तथा बालबालिका संरक्षणको ग्यारेन्टी मात्र गरेको छैन, हिंसालाई दण्डनीय बनाएको छ। राज्यका हरेक निकायमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गरेको छ। तर, महिला सहभागिताको संवैधानिक सुनिश्चिततालाई दलहरूले प्रतिशत पुऱ्याउने कार्यमा सीमित गरेका छन्। नेतृत्व सुम्पनेसम्म पुगेका छैनन्। नेतृत्वमा महिला नपुग्दा महिलामैत्री नीति र संस्कृति निर्माण हुन सकेको छैन। यसै कारण कानुनी व्यवस्था र अभियन्ताहरूको प्रचारलाई निष्प्रभावी बनाइरहेको छ। लैंगिक समानता र महिला हिंसाका घटना चिन्ताकै विषय बनिरहेको छ। तसर्थ, लैंगिक समानता कायम गर्न ठोस् कामहरूमा जोड दिन आवश्यक छ। समाजका हरेक क्षेत्रमा सहुलियत, आरक्षण र अवसरको सुनिश्चिता गरिनुपर्छ। समान शिक्षा, रोजगारी र सुरक्षाको प्रबन्ध गरिँदा मात्र पनि महिला हिंसाविरूद्धको आधार सिर्जना हुन सक्छ। यसतर्फ नीति निर्माता एवं राजनीतिक नेतृत्वको ध्यान पुग्न जरूरी छ।

# पर्यावरणका लागि सिमसार

अग्रलेख



● के. बी. बस्नेत

विश्व तापक्रममा हुने परिवर्तन प्राकृतिक र मानवीय कारणले हुने हो। विशेषतः खनिज तेलको खपत तीव्र रूपले बढ्नाले विश्वको तापक्रम पनि बढिरहेको छ। यसबाट यहाँको वातावरणमा नकारात्मक प्रभाव परेको छ।

आज विश्वमा वातावरणीय प्रदूषण दिनदिनै बढिरहेको छ। तर, विश्वको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसभन्दा बढी हुँदा पनि विश्वमा वातावरणीय विनाश न्यूनीकरणसम्बन्धी सहमति हुन सकेको छैन। वस्तुतः विश्वमा वातावरणीय विनाश हुनुका प्रमुख कारण विकसित देशहरूमा विद्यमान औद्योगिक तथा अन्य विकासमूलक क्रियाकलापहरू नै हुन्। यद्यपि, हालसम्म पनि यिनीहरूको रोकथाम गर्न सकिएको छैन।

विश्वमा विद्यमान वातावरणीय विनाशको प्रभाव नेपालमा पनि परेको छ। वास्तवमा २ ठूला छिमेकी राष्ट्रहरू चीन र भारतमा औद्योगिक तथा अन्य विकासका क्रियाकलापहरू तीव्र रूपले बढ्नाले यहाँको वातावरण विनाशमा सघाउ पुगेको छ। परन्तु, यस सम्बन्धमा हालसम्म पनि कुनै वार्ता नभएकाले यहाँ वातावरण विनाश न्यून गर्न सकिएको छैन।

पृथ्वीमा रहेका विभिन्न तत्त्वहरूमध्ये कुनै एक मात्र घटबढ भए पनि अरूमा प्रभाव पर्छ। हाल विश्वमा भइरहेको पर्यावरणमा असन्तुलनले मानवलगायत विभिन्न प्राणीहरूको क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पर्छ। तसर्थ, हाल भइरहेको र भविष्यमा हुने वातावरणीय विनाशले यस धरतीमा रहेका विभिन्न प्राणी, वनस्पति र समग्रमा सम्पूर्ण मानव जातिको अस्तित्व नै संकटमा रहने सम्भावना छ।

पर्यावरण सन्तुलनका लागि सिमसारले महत्त्वपूर्ण भूमिका खेल्छ, जुन एक रसिलो भूमि हो, जहाँ जमिन लुक्दैन र पानी सुक्दैन। यसका मुख्य २ विशेषता भनेको पानी र जमिन हो।

*दुःखको कुरा, हाल नेपालको धेरै वन विनाश र अतिक्रमण भएको छ। यही कारणले यहाँका केही सिमसार लोप भएका छन् भने केही लोप हुने अवस्थामा छन्। सिमसार क्षेत्र प्रकृति प्रदत्त उपहार हो, जसको संरक्षणका लागि एकातर्फ भूमि तथा वनजंगलको सुरक्षाको आवश्यकता छ भने अर्कातर्फ सम्बन्धित व्यक्ति तथा निकायहरूको सक्रिय सहयोगको उत्तिकै जरूरी छ।*



सिमसारलाई सबैभन्दा बढी उत्पादनशील पारिस्थितिकीय प्रणाली मानिन्छ। यसले भूक्षय न्यूनीकरण, पानी शुद्धीकरण एवं भण्डारण, बाढीको पानी संकलन तथा रोकथाम र नदी तथा खोलाको पानीको बहाव नियन्त्रण गर्ने काममा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ।

सिमसारले वातावरण सन्तुलन गर्ने काममा पनि महत्त्वपूर्ण भूमिका खेल्छ। यसलाई जोगाइराख्न वनजंगलले महत्त्वपूर्ण भूमिका खेल्छ। तर, दुःखको कुरा, हाल नेपालको धेरै वन विनाश र अतिक्रमण भएको छ। पछिल्लो २ वर्षको अवधिमा यहाँ झन्डै ९० हजार हेक्टर वन क्षेत्र अतिक्रमित भएको छ।

यही कारणले यहाँका केही सिमसार लोप भएका छन् भने केही लोप हुने अवस्थामा छन्। फलतः बासस्थानको अभावमा यहाँका केही पशुपंक्षीहरू लोप भएका छन् भने केही संकटमा परेका छन्।

साधारणतः दलदलयुक्त तालतलैया, नदी, खोला, जलाशय आदिलाई सिमसार मानिन्छ, जसमा जलीय प्राणी, पशुपक्षी आदि मात्र नभई मानव अस्तित्व पनि निर्भर रहन्छ। सिमसार प्राणीहरूको अस्तित्वसँग मात्र नभई धर्म र संस्कारसँग पनि आबद्ध छ। उदाहरणका लागि, थारू समुदायको पिटरहुवा र भोजमा आवश्यक पर्ने माछा, घोंगी र गँगटो सिमसारबाट प्राप्त हुन्छ।

राष्ट्रिय ताल संरक्षण विकास समितिको तथ्यांकअनुसार नेपालमा ५ हजार ३५८ सिमसार क्षेत्रहरू छन्, जसमध्ये समुद्री सतहदेखि ५ मिटरभन्दा मुनि अवस्थित २ हजार ७१२ छन् भने ३ हजार मिटरमाथि २ हजार २२७ अवस्थित छन्।

नेपाल सरकारको कृषि विभागको एक प्रतिवेदनअनुसार यहाँ १६३ सिमसार क्षेत्र तराई क्षेत्रमा र ७९ सिमसार क्षेत्र हिमाली र पहाडी क्षेत्रहरूमा छन्।

वातावरण विनाशको कारण नेपालमा सिमसार क्षेत्रहरूको संख्या दिन प्रतिदिन घटिरहेको छ किनभने यिनीहरू कतै खेत त कतै घडेरी माछा पोखरीको रूपमा सीमित भएका छन्। यहाँका कतिपय ठाउँहरूमा अत्यधिक चरण, जडीबुटी संकलन, पानीको प्रयोग आदिले गर्दा सिमसार क्षेत्रहरूको धेरै नै दोहन भएको छ।

बढ्दो प्रदूषणले एकातिर यहाँका सिमसार क्षेत्रहरू ग्रस्त छन् भने अर्कातिर यहाँको जैविक विविधतामा ह्रास आएको छ। यहाँका केही ठाउँहरूमा भूमि अतिक्रमण, भूक्षय र बाढीपहिरो जस्ता दैवी प्रकोपहरूले सिमसार क्षेत्रहरूमा नकारात्मक प्रभाव परेकोले चराचुरुंगीहरूले आफ्ना वासस्थान गुमाई अन्यत्र सर्नुपर्ने भएको छ।

वर्तमान समयमा नेपालका केही स्थानीय तहहरूले आसपासकाताललाई माछापालनका लागि ठेक्कामा दिएकाले चरम दोहन भएको छ किनभने तालहरूमा माछा पाल्दा त्यहाँ ठेकेदारहरूले नाइट्रोजन, फस्फोरस, भ्रुण आदि हाल्छन्, जसका कारण एकातिर स्थानीय प्रजातिका माछा र जलचरहरू लोप हुने अवस्थामा छन् भने अर्कातिर यहाँको जैविक विविधतामा पनि नकारात्मक प्रभाव परेको छ। यति मात्र नभई यहाँका स्थानीय तालहरूको पारिस्थितिकीय प्रणालीमा नकारात्मक प्रभाव पर्दा रैथाने जातका चराचुरुंगी तथा वनस्पति लोप हुने अवस्थामा छन्।

जलवायु परिवर्तनका दृष्टिकोणबाट नेपाल विश्वको १४औं जोखिमयुक्त देश हो। यहाँका हिमनदीहरू बर्सेनि ६७ मिटरको दरले खुम्चिँदै छन्। साथै, यहाँका हिमतालहरू फुटेर ठूला बाढीपहिरो आउने सम्भावना भएकाले सिमसार क्षेत्रहरू सुक्ने र पुरिने सम्भावना प्रबल छ। यसको फलस्वरूप यहाँका पशुपक्षीको वासस्थान साँघुरो हुने, क्षय हुने र अन्त्यमा विलीन हुने सम्भावना बढेको छ। यसबाट स्थानीय जनताको जीवनमा नकारात्मक प्रभाव पर्ने छ। केही वर्षयता नेपालका सिमसार क्षेत्रहरू नासिने अवस्थामा छन्। परन्तु, हालसम्म पनि यिनीहरूका संरक्षण कार्यहरू प्राथमिकतामा परेका छैनन्। यथार्थतः सिमसार क्षेत्र प्रकृति प्रदत्त उपहार हो, जसको संरक्षणका लागि एकातर्फ भूमि तथा वनजंगलको सुरक्षाको आवश्यकता छ भने अर्कातर्फ सम्बन्धित व्यक्ति तथा निकायहरूको सक्रिय सहयोगको उत्तिकै जरुरी छ।

## सामाजिक सञ्जाल



**हरि रोका**

स्थानीय निर्वाचन समीक्षा : एक्लाएक्लै चुनाव लड्ने हुँकार गरेका कांग्रेस र एमाले आफ्नो अडानमा अडिएनन्। गगन र शंकरको २ दलीय व्यवस्थालाई जनताले हावा ठान्दिए। दुवै नमिलेका भए माओवादी यो पटक पहिलो हुने रहेछ। माओवादीको यो परिणाम उसको लोकप्रियताभन्दा गठबन्धन राजप्रति वितृष्णा बढी हुन सक्छ।



**रञ्जित तामाङ**

बीआरआईको ऋण नलिएर चीनलाई के हुन्छ? नली खुट्टोको रौं पनि हल्लिँदैन। एमसीसीको अनुदान नलिए पनि अमेरिकालाई फरक पर्ने केही थिएन। कुन संयोगले नेपालको सिमाना तिब्बतसँग जोडिएर मात्र यति महत्त्व पाएको हो। भात खान्न भनेर घुर्क्याएको बच्चालाई वास्ता गर्न हुन्न, खान थाल्छ। नेपाल त्यस्तो हो।



**सूर्यराज आचार्य**

विश्वसनीय र दिगो सम्बन्धका लागि परम्परागत/शक्तिशाली मित्रराष्ट्रहरूको नजरमा नेपाल असान्दर्भिक बन्दै छ। घरेलु मामिलामा अवाञ्छित हस्तक्षेप र भूराजनीतिक दाउपेचका लागि भने नेपालको 'झ्याल-ढोका' सबै खुला! केही दशकदेखि वैदेशिक सम्बन्धमा दलहरूले देखाएको नालायकीको परिणाम हो कि!



**शरदराज पाठक**

देशको सार्वजनिक ऋण गएको १० वर्षमा ३.५ गुणाले बढेर २४.३४ खर्ब पुगेको छ। राज्यले पुरानो ऋण तिर्न नयाँ ऋण बढाउँदै छ। अनुत्पादक खर्च बढ्दो छ। व्यापार घाटा चुलिँदो छ। अर्थतन्त्र शिथिल छ, शिक्षा तहसनहस। युवा पलायन विकराल छ। देशमा आमनिराशा छ। तर, मिडियामा हेडलाइन छ : चुनावमा राप्रपा उत्तानो!

## इतिहासमा आज

५ डिसेम्बर १७४६ मा स्पेनिस शासनविरुद्ध जेनेभमा विद्रोह सुरु भएको थियो।



५ डिसेम्बर १८७६ मा न्युयोर्कको बुकलिन थिएटरमा फायर बुकलिनका कारण २७६ जना मारिएका थिए, जसमा धेरैजसो धुम्रपानका कारण भएको थियो।



५ डिसेम्बर १८९३ मा पहिलो पटक विद्युतीय कार बनेको थियो, जुन एक पटक चार्ज भएपछि १५ किलोमिटर चल्थ्यो।



५ डिसेम्बर १८३६ मा सोभित संविधान लागू भयो, जसलाई 'स्टालिन कन्स्ट्रेसन' भनिन्थ्यो।



## मेरो मत

### उपनिर्वाचनको सन्देश

आइतबार सम्पन्न स्थानीय तहको उपनिर्वाचनले जित र हारको परिणाम मात्र दिएन, राजनीतिक दलहरूलाई आमरूपमा जनताको मनोविज्ञानबारे पनि प्रस्ट बतायो। जनमतलाई पेवा ठान्ने केही नेतृत्वलाई जनमत कता जाँदै छ भन्ने पनि स्पष्ट पाऱ्यो। मुख्यगरी कांग्रेस र एमालेको ओरालो यात्रा, माओवादी केन्द्रले पाएको केही उत्साहजनक मत र साना दललाई जनताले नपत्याएको स्थितिले वास्तविकता छर्लंग पार्छ।

